# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल


प.सं:२०८३/८४
च.नं: ८४३

Email: bmceducationsection@gmail.com

मिति:२०८३।०५।१०

श्री संस्थागत विद्यालयहरू सबै,
भरतपुर महानगरपालिका, चितवन।

**विषय: छात्रवृत्ति वितरण गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ को दफा (२७) तथा अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली, २०७७ को नियम (११) बमोजिम भरतपुर महानगरपालिका भित्र सञ्चालित शिक्षण संस्थाहरूद्वारा प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको पहिचान, छनौट र वितरणमा कानुन बमोजिम निर्धारित लक्षित वर्गका विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नका लागि छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ ले देहाय बमोजिमका व्यवस्था गरेकोले तपसिल बमोजिम कार्यान्वयन गर्नुहुन अनुरोध छ।

**तपसिल:**

१. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको पहिचान, छनौट र वितरणको लागि कार्यविधिको दफा ८ बमोजिम देहायको विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्ने,

| | |
|---|---|
| संयोजक | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष |
| सदस्य | शिक्षक अभिभावक संघको अध्यक्ष |
| सदस्य | सम्बन्धित वडा शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य |
| सदस्य | अधिकृत प्रतिनिधि, शैक्षिक प्रशासन महाशाखा |
| सदस्य सचिव | विद्यालयको प्रधानाध्यापक |

२. छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम यस महानगरपालिकाबाट सार्वजनिक सूचना प्रकाशन गरी कक्षा ११ र १२ को लागि दुई तिहाई सिटमा मनोनयन भएका विद्यार्थीहरुलाई सम्बन्धित शैक्षिक संस्थाहरुमा सिफारिस गरिएको र बाँकी एक तिहाई सिटमा सम्बन्धित शिक्षण संस्थामा कार्यविधिको दफा (८) बमोजिम विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति गठन गरी अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ को दफा (२७) बमोजिम विद्यालयमा भर्ना भई अध्ययनरत रहेका विद्यार्थी संख्याको आधारमा ५०० जनासम्म विद्यार्थी भए १० प्रतिशत, ८०० जनासम्म विद्यार्थी भए १२ प्रतिशत र सोभन्दा बढी विद्यार्थी सङ्ख्या भए १५ प्रतिशतले हुन आउने सङ्ख्या सुनिश्चित हुने गरी छात्रवृत्ति व्यवस्थापन कार्यविधिको दफा १९ को उपदफा (१) बमोजिम सोही कार्यविधिको अनुसूची-१ को ढाँचामा विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको बैठकको निर्णयबाट महानगरपालिकाले कक्षा ११ र १२ का लागि छात्रवृत्ति कोटामा विद्यार्थी सिफारिस गरी बाँकी रहेका सिट संख्या समेत समावेस गरी देहाय बमोजिम छात्रवृत्ति वितरण गरिने कोटा सङ्ख्या खुलाई छनौटको प्रक्रिया सहित छात्रवृत्ति आवेदनको लागि कम्तिमा १५ दिने सूचना विद्यालयको वेवसाइट, सामाजिक सञ्जाल र अभिभावक वा विद्यार्थी समावेश गरी सञ्चालनमा रहेको म्यासेन्जर, ह्वाट्सएप ग्रुप वा एस.एम.एस तथा पत्र समेतका माध्यमबाट प्रकाशित गरी आवेदन सङ्कलन गर्ने।

| क्र.सं. | वर्गीकृत समूह | जम्मा विद्यार्थी संख्या | कायम हुने छात्रवृत्ति कोटा संख्या (कार्यविधि अनुसार) | भार |
|---|---|---|---|---|
| १ | जेहेन्दार | | ................. | ३७ प्रतिशत |
| २ | गरिब तथा विपन्न | | ................. | ३७ प्रतिशत |
| ३ | आदिवासी जनजाति | | ................. | १२ प्रतिशत |

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल


प.सं:२०८३/८४
च.नं: ८४३

Email: bmceducationsection@gmail.com

| | | | | |
|---|---|---|---|---|
| ४ | अल्प सङ्ख्यक / अति सीमान्तकृत र लोपोन्मुख जनजाति | | ................. | २ प्रतिशत |
| ५ | दलित | | ................. | ६ प्रतिशत |
| ६ | अपाङ्ग | | ................. | ३ प्रतिशत |
| ७ | शहिद / बेपत्ताका सन्तति / सशस्त्र द्वन्द्व र जनआन्दोलनका घाइतेका सन्तति | | ................. | ३ प्रतिशत |
| जम्मा संख्या | | | ................. | १०० प्रतिशत |

३. पेश भएका आवेदनहरू छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-२ को ढाँचामा विद्यालयमा रहेको दर्ता किताबमा विद्यालय प्रशासनले दर्ता गरी विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिमा पेश गर्ने र निवेदकको विवरण विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको बैठकको निर्णयानुसार सार्वजनिक गरी दाबी विरोधको अवसर प्रदान गर्ने।

४. छात्रवृत्ति व्यवस्थापन समितिले छनौट गरी छात्रवृत्ति प्रदान गरिएका छात्रछात्राहरूको अन्तिम नामावली छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-३ बमोजिमको ढाँचामा विद्यालयको वेबसाइट र सामाजिक सञ्जालमा समेत प्रकाशित गर्ने।

५. छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ मा छात्रवृत्ति आंशिक रुपमा वितरण गर्न नपाइने उल्लिखित भएको हुँदा छात्रवृत्ति आंशिक रुपमा वितरण गर्न पाइने छैन।

६. छात्रवृत्ति छनौट भएका विद्यार्थीहरूलाई भर्ना शुल्क र मासिक पढाइ शुल्क पूर्णतः निःशुल्क गर्ने। छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई विद्यालयले छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-५ बमोजिमको ढाँचामा पत्र दिने। यस पूर्व नयाँ विद्यार्थी भर्ना हुँदा लिइएको भर्ना शुल्क अनिवार्य रुपमा फिर्ता गर्ने।

७. मिति २०८३।०६।०५ गते भित्र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण IEMIS मा अनिवार्यरूपमा अद्यावधिक गरी छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-३ बमोजिमको ढाँचामा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको नामनामेसी सहितको विवरण शैक्षिक प्रशासन महाशाखा र सम्बन्धित वडा कार्यालयमा अनिवार्य रुपमा पेश गर्ने।

८. महानगरपालिकाबाट कक्षा ११ र १२ का लागि छात्रवृत्ति कोटामा विद्यार्थी सिफारिस गरी बाँकी रहेका सिट संख्या यसै पत्रसाथ संलग्न गरिएको छ। उक्त बाँकी सिट संख्या समेत समावेश गरी शैक्षिक सत्र २०८३ मा विद्यालयमा कक्षा ११ मा भर्ना भई अध्ययनरत विद्यार्थी संख्या समेत समावेस गरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ बमोजिम छात्रवृत्ति वितरण गर्ने।

........................
सुवासचन्द्र आचार्य
उपसचिव

बोधार्थ:
श्री वडा कार्यालयहरु सबै, भरतपुर महानगरपालिका, छनौट कार्यमा सहजीकरण गर्नु हुन।
श्री सम्बन्धित क्षेत्रका विद्यालय निरीक्षकहरु, भरतपुर महानगरपालिका, कार्यन्वयन गर्नु हुन।
श्री सूचना तथा सञ्चार प्रविधि शाखा, भरतपुर महानगरपालिका, वेवसाइटमा अपलोड गरिदिनुहुन।

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर चितवन

भरतपुर महानगरपालिका अन्तर्गत संचालित संस्थागत विद्यालय/कलेजहरूमा महानगरपालिकाबाट वितरण गरिएको छात्रवृत्ति विवरण

| s.n | school's name | ward no | Total Quota | Science | Management | Hotel Management | Education | law | total | VacantQuota |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ankuram Academy | 7 | 20 | 18 | 1 | 1 | | | 20 | 7 |
| 2 | Apex Academy secondary school | 2 | 18 | 16 | 2 | 0 | | | 18 | 10 |
| 3 | Aroma English Secondary School | 10 | 107 | 98 | 8 | 1 | | | 107 | 0 |
| 4 | Chitwan English Secondary Boarding School | 2 | 2 | 0 | 1 | 0 | | | 1 | 1 |
| 5 | Dawn Academy, Bharatpur-9 | 9 | 0 | 0 | 0 | 0 | | | 0 | 0 |
| 6 | Eden Garden English Secondary School | 9 | 13 | 7 | 5 | 1 | | | 13 | 11 |
| 7 | Glorious Academy | 4 | 8 | 0 | 7 | 1 | | | 8 | 6 |
| 8 | Gramodaya English School | 5 | 0 | 0 | 0 | 0 | | | 0 | 0 |
| 9 | GreenLand Public School | 12 | 8 | 4 | 4 | 0 | | | 8 | 2 |
| 10 | Gurukul Secondary School | 9 | 36 | 32 | 3 | 1 | | | 36 | 2 |
| 11 | Holy Vision Public School | 4 | 2 | 0 | 2 | 0 | | | 2 | 2 |
| 12 | Little Flower School | 3 | 9 | 9 | 0 | 0 | | | 9 | 3 |
| 13 | Narayani English Public School | 11 | 44 | 39 | 2 | 1 | | 2 | 44 | 26 |
| 14 | Om Shanti Academy | 10 | 9 | 7 | 2 | 0 | | | 9 | 0 |
| 15 | Orbit Unique English School | 5 | 25 | 22 | 2 | 1 | | | 25 | 18 |
| 16 | Orchid Secondary School | 10 | 55 | 49 | 5 | 1 | | | 55 | 1 |
| 17 | Parijat Secondary English Boarding School | 6 | 1 | 0 | 1 | 0 | | | 1 | 1 |
| 18 | Polar Star Secondary English Boarding School | 8 | 7 | 5 | 2 | 0 | | | 8 | 4 |
| 19 | Prerana Secondary English Boarding School | 12 | 4 | 2 | 2 | 0 | | | 4 | 4 |
| 20 | Small Heaven School | 5 | 2 | 0 | 1 | 1 | | | 2 | 2 |
| 21 | SOS Hermann Gmeiner School | 8 | 8 | 8 | 0 | 0 | | | 8 | 0 |
| 22 | Step By Step English Secondary School | 9 | 11 | 10 | 1 | 0 | | | 11 | 8 |
| 23 | Sunrise English Secondary School | 4 | 12 | 9 | 2 | 1 | | | 12 | 5 |
| 24 | USHA ENGLISH BOARDING SCHOOL | 15 | 4 | 0 | 3 | 1 | | | 4 | 4 |
| 25 | VALMIKI SHIKSHA SADAN SECONDARY SCHOOL | 4 | 57 | 50 | 6 | 1 | | | 57 | 0 |
| 26 | Maiya Devi Girls College | 10 | 10 | 0 | 8 | 0 | 2 | | 10 | 9 |
| 27 | SAPTAGANDAKI MULTIPALE CAMPUS | 10 | 7 | 2 | 3 | 0 | 2 | | 7 | 5 |
| 28 | Shaheed Smarak College | 19 | 4 | 0 | 4 | 0 | | | 4 | 4 |
| 29 | Presidency Secondary School | 10 | 4 | 0 | 4 | 0 | | | 4 | 3 |
| total | | | 488 | 388 | 81 | 13 | 4 | 2 | 488 | 138 |